Gulf

**NEPAL LUBE OIL LIMITED**

ल्यू.का.का.: २०८१।८२ च.नं. : 22

मिति : २०८२।०६।०१

श्री नेपाल धितोपत्र बोर्ड
खुमलटार, ललितपुर ।

श्री नेपाल स्टक एक्सेन्ज लि.
सिंहदरवार प्लाजा, काठमाण्डौं ।

श्री सि.डि.एस.एण्ड क्लियरिंग लि.
पुतलिसडक, काठमाण्डौं ।

श्री कम्पनी रजिष्ट्रारको कार्यालय
त्रिपुरेश्वर, काठमाण्डौं ।

श्री NIMB ACE Capital लि.
लाजिम्पाट, काठमाण्डौं

**विषय : चौंत्तिसौ वार्षिक साधारण सभा, प्रस्तावित लाभांस वितरण र शेयर दाखिल खारेज किताव बन्द रहने सम्बन्धमा ।**

महोदय,

उपरोक्त विषयमा यस कम्पनीको आज मिती २०८२।०६।०१ गते साझं ५:१५ बजे बसेको ३८३ औं सञ्चालक समितीको वैठकको **सर्वसम्मत** निर्णयले कम्पनीको चौंत्तिसौ वार्षिक साधारण सभा तपसिलमा उल्लेख भए बमोजिम गर्ने व्यहोरा जानकारी गराउदछौं । साथै सोहि निर्णय बमोजिम साधारण सभा प्रयोजनको निमित्त कम्पनीको शेयर दाखिल खारिजको काम मिति **२०८२।०६।१२** देखि **२०८१।०६।३१** सम्म बन्द रहने छ ।

१. ३४ औं वार्षिक साधारणसभा हुने मिति, समय र स्थानः
   मिति : २०८२ साल आश्विन ३१ गते (१७ अक्टोवर, २०२५)
   समय : विहान ११:३० बजे
   स्थान : द प्लाजा, पुल्चोक, ललितपुर

२. छलफलका विषय सूची :

क) आ.व.२०८१।८२को सञ्चालक समितिको प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।

ख) आ.व.२०८१।८२ को लेखा परीक्षकको प्रतिवेदन, २०८२ आसाढ मसान्तको वासलात र आ.व.२०८१।८२ को आय विवरण र सोही अवधिको नगद प्रवाह विवरण छलफल गरि स्वीकृत गर्ने ।

ग) सञ्चालक समितिको ३८३ औं बैठकले सिफारिस गरे बमोजिम २० प्रतिशत बोनस शेयर लाभांस तथा कर प्रयोजनको निमित्त रु. ७,६६,९८२।०० नगद लाभांस वितरणको निमित्त स्वीकृत गर्ने । (प्रस्तावित बोनस सेयर कम्पनीको आ.व.२०८१।८२ को अर्थात २०८२ आसाढ मसान्तको वासलात बमोजिमको चूक्ता पूंजीमा प्रदान गर्ने र कम्पनीले यस अघि १:२ हकप्रद शेयर निश्कासनको निमित्त सम्बन्धित निकायमा कार्यवाहिको लागि पेश भएको निवेदनमा रहेको शेयर संख्यामा यस बोनस शेयरलाई गणनामा नलिइने)

घ) कम्पनी ऐन २०६३ को दफा १११ बमोजिम लेखा परिक्षण समितीको सिफारिसमा आ.व.२०८२।८३ को कारोवारको लागि बाह्य लेखा परिक्षक नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने । लेखा परिक्षकमा ए.आई.एसोसिएट्स, प्रमाश एण्ड एसोसिएट्स, पि.के.पि.एसोसिएट्स बाट प्रस्ताव आएको र सबैको प्रस्तावित पारिश्रमिक ICAN ले निर्धारण गरेबमोजिमको

कम्पनी सचिव
नेपाल ल्यूब आयल लि.

**नेपाल ल्युब आयल लिमिटेड**

साकेत कम्प्लेक्स, त्रिपुरेश्वर, काठमाडौं, नेपाल फोनः +९७७-१-५३५१०६१/६२, ५९०१०६३,
फ्याक्सः +९७७-१-५५४६२२३ पो.ब.नं.:१९१६, कारखानाः अमलेखगंज, बारा, फोनः +९७७-५३-५७०१०४
ई-मेलः nlol@nepallubeoil.com, वेबसाइटः www.nepallubeoil.com

न्युनत्तम रहेको छ । (कम्पनी ऐन २०६३ को दफा १११(३) बमोजिम बहालवाला लेखा परिक्षक ए.आई. एसोसिएटस् चार्टड एकाउन्टेन्टस् पुन नियूक्तिको निमित्त योग्य तथा यस वर्ष अन्तिम कार्यकाल रहेको)

ङ) सर्वसाधारण शेयरधनीहरुको तर्फबाट संचालकहरु नियूक्ति गर्ने सम्बन्धमा ।

च) विविध ।

२.३.२ **विषेश प्रस्ताव**

क) विशेष साधारण सभाबाट पारित बोनस शेयर लाभांस र हाल SEBON मा स्विकृतीको निमित्त पेश भएको कम्पनीको १:२ अनुपातको हकप्रद शेयर निष्कासन (1:2 Ratio , Right share Issue) पश्चात् प्राप्त पूँजीको उपयोग गर्ने सम्बन्धमा ।

ख) माथिको बोनस शेयर स्विकृत र हकप्रद शयेरबाट प्राप्त पुंजी वृद्धिको प्रस्तावहरु स्विकृत पश्चात सोहिको निमित्त कम्पनीको अधिकृत, जारी तथा चूक्ता पूँजी वृद्धि गर्न प्रबन्धपत्र संसोधन गर्ने ।

ग ) अधिकृत पुंजी, जारी पुंजी तथा चूक्ता पुंजी वृद्धी गर्ने र अन्य सबै कार्यको निमित्त कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संसोधन गर्न विवरणहरु तयार गरी श्री कम्पनी रजिष्ट्रारको कार्यलय तथा अन्य आवश्यक नियमन संस्थाहरुमा पेश गर्न तथा आवश्यक अन्य कार्य गर्न गराउन आवश्यक्ता अनुसार अन्य कोई कसैलाई नियुक्ती गर्न वा कसैलाई अख्तियारी प्रदान गर्न संचालक समितीलाई पुर्ण रुपमा अख्तीयारी प्रदान गर्ने ।

घ ) विविध ।

३. विविध ।

## साधारण सभाहुने सम्बन्धमा सामान्य जानकारी

१. प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएकोमा सो प्रतिनिधिपत्र कम्पनीको कर्पोरेट कार्यालय, साकेत भवन, त्रिपुरेश्वर, काठमाण्डौंमा सभा सुरु हुनुभन्दा कम्तीमा ७२ घण्टा अगाडि दर्ता गरी सक्नु पर्नेछ । सेयरवालाको नाम सेयर संख्या र दस्तखत नमिलेको प्रतिनिधिपत्र रद्ध हुन्छ ।

२. उपस्थित गणपुरक संख्या सभा संचालनको निमित्त निर्द्धिश्ट संख्या अनुसार पर्याप्त भएमा मात्र सभा संचालन हुने छ ।

३. साधारण सभा प्रयोजनका लागि कम्पनीको शेयर दाखिल खारिजको काम मिति २०८२।०६।१२ देखि २०८२।०६।३१ सम्म बन्द रहने छ ।

४. साधारण सभाको सूचना र आर्थिक विवरण सेयरधनीको दर्ता किताबमा कायम रहेको ठेगानामा पठाइने छ ।

५. साधारण सभा सम्बन्धी अन्य कुराहरुको जानकारी आवश्यक भएमा कम्पनीको कर्पोरेट कार्यालय, साकेत भवन, त्रिपुरेश्वरमा, कार्यालय समयमा सम्पर्क राखी लिन सकिने छ ।

**द्रष्टव्य : निर्वाचन कार्यतालिका सम्बन्धी थप जानकारीको लागि निर्वाचन अधिकृतको कार्यालय अर्थात नेपाल ल्यूब आयल लि. को कर्पोरेट अफिस, साकेत भवन, त्रिपुरेश्वर, काठमाण्डौं बाट लिन हुन सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।**

भवदीय,

गंगा राज भट्टराई
कम्पनी सचिव

नेपाल ल्यूब आयल लि. NLO काठमाडौं

कम्पनी सचिव
नेपाल ल्यूब आयल लि.